नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरी गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎ ५२००३२
फ्याक्स ५२००११

प.सं. :- ०७७/०७८
च.नं. ५४४

मिति : २०७८/०४/३२ गते

**विषय: कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न २०७८/०४/३२ राति १२:०० बजेबाट ऐ. भाद्र मसान्तसम्म सिरहा जिल्लाभर लागु हुने गरी प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।**

दर्ता नं. ३४३
मिति ०८८/५/१९
अर्नमा गाउँपालिका

आदेश जारी भएको मिति - २०७८/०४/३२

कोभिड-१९ दोस्रो स्वरुपको संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकार (म.प.) को २०७८/०१/०६ तथा ऐ. १९ गते म.बै. को ३२१/५२८६ का निर्णय, CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित विषय, संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश संसोधन सम्वन्धी नेपाल सरकार, (म.प.) को म.प. बै.सं. २०/२०७८ मिति २०७८/०३/०७ को निर्णय कार्यान्वयन गर्नु पर्ने विषय र

DCMC सिरहाबाट मिति २०७८/०४/२६ गते भएको निर्णय समेतलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक देखिएको, कोभिड-१९ को संक्रमित संख्यामा केही कमी आएतापनि दोस्रो लहरको संक्रमणबाट हालसम्म १०६ जनाको मृत्यु भै सकेको हुँदा जन स्वास्थ्य सुरक्षाको मापदण्ड कडाईकासाथ अवलम्वन गरी सर्वसाधारणको स्वास्थ्य हितलाई ध्यानमा राख्न २०७८/०१/२१ र २०७८/०१/३०, २०७८/०२/२० र २०७८/०२/३०, २०७८/०३/१४ र २०७८/०३/३१ गते जारी भएको आदेशको सट्टामा अव **२०७८/०४/३२ गते राती १२:०० बजेबाट ऐ. भाद्र मसान्तसम्म सिरहा जिल्ला भरकालागि** देहाय बमोजिम गर्न गराउन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) एवम् कोभिड – १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा (१) र (२) बमोजिम सिरहाका प्रमुख जिल्ला अधिकारीबाट **मिति २०७८/०४/३२ का दिन जारी भएको आदेश ;**

क) यस आदेशमा उल्लेखित विषयको अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्वन गर्नु पर्नेछ।

ख) कोभिड -१९ संक्रमण जोखिम कायमै रहेको हुँदा अति आवश्यक नपरी घर वाहिर हिडडुल नगर्न, वाहिर निस्कने समयमा मास्क लगाउन – दुरी कायम गर्न र आवश्यक्ता अनुसार स्यानीटाईजरको प्रयोग गर्न वा सावुन पानीले मिची मिची हात धुन अनुरोध छ।

ग) **आदेश अवधीमा गर्न पाईने तथा गर्न नपाईने क्रियाकलापहरु :**

| गर्न पाईने क्रियाकलाप<br>(यस क्रियाकलापमा स्वास्थ्य सुरक्षाको मापदण्डअनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ) | गर्न नपाईने क्रियाकलाप |
|---|---|
| १. **सिट क्षमतामा नबढ्ने गरी अनिवार्य मास्क लगाएर सिरहा जिल्लाभर मात्र चल्ने गरी** निजी, सरकारी एवं सार्वजनिक यातायात चलाउने तर पास लिई आवागमन गर्नु पर्ने अन्य जिल्लाकालागि जानु पर्ने कारण समेत खुलाई आवेदन गर्नु पर्ने व्यवस्था कायमै रहने। | १. भाद्र महिनामा मनाईने रक्षा बंधन/जनै पूर्णिमा र कृष्ण अष्टमी लगायतका सवै धर्मका चाडपर्वहरु बाहिर भीड भाड नगरी घर घरमै वसी मनाउने। |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎ ५२००३२
फ्याक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. ५८४

| | |
|---|---|
| २. मास्क लगाई, दुरी कायम गरी, सावुन पानिले हात धुने वा स्यानीटाईजर लगाउने व्यवस्थालाई अनिवार्य रुपमा पालना गरेर मात्र व्यपार व्यवसाय गर्ने तर सो अनुरुप नभएमा संक्रमण रोग ऐन, २०२० एवं कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही हुने ।<br><br>३. भौतिक दुरी कामय गरी जन स्वास्थ्य सुरक्षाका अन्य मापदण्ड अवलम्वन गरेर मात्र विषयगत निकायको पूर्व स्वीकृति, निर्देशन र नियन्त्रणमा रहेर मात्र परीक्षा संचालन गर्ने । | २. हाटबजार, मेला, भेला, सामुहिक भोज, नाचगान, जुलुस -याली नगर्ने नगराउने । तर निधो भै सकेको विवाह र धार्मिक सांस्कृतिक कृत्य स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने शर्तमा न.पा./गा.पा. को कार्यालयको अनिवार्य लिखित स्वीकृतिमा मात्र २० जनामा नबढ्ने गरी घरमै विधि पु-याई सम्पन्न गर्ने ।<br><br>३. डिजे बाजा नबजाउने र ध्वनी प्रदुषण नगर्ने ।<br><br>४. CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा शिक्षण कक्षा संचालनमा रोक लगाएकोमा त्यसलाई निरन्तरता दिने र पछि छुट्टै निर्देशन प्राप्त भएमा सोही अनुरुप हुने । |

**नोट : निषेधाज्ञाका विषयमा नेपाल सरकार, (म.प.) वा CCMC बाट हुने निर्णय, आदेश वा निर्देशन प्राप्त भएमा सोही अनुरुप हुने छ ।**

- **नदी, घाट, तलाउ तथा धार्मिक स्थलमा भेला नभई घरमै बसी धार्मिक सांस्कृतिक कृत्य गर्ने ।**

यस आदेशको पालना गरी गराई कोभिड - १९ संक्रमणको जोखिम न्यूनीकरण गर्न स्थानीय तह, सुरक्षा निकाय, राजनीतिकर्मी, शैक्षिक क्षेत्र, सामाजिक संघ संस्था, संचारकर्मी, व्यापारिक/व्यवशायिक क्षेत्र एवम् सम्वन्धित सवै सरोकारवालको निरन्तर सहयोगकालागि अनुरोध छ ।
यस आदेशको उलंघन गर्ने गराउनेलाई फिल्डमा खटिएका सुरक्षाकर्मीले प्रचलीत कानून बमोजिम कारवाहीको दायरामा ल्याउने छ ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

**प्रमुख जिल्ला अधिकारी**